# त्रिभुवन विश्वविद्यालय

## विद्यार्थी स्वास्थ्योपचार कोष सम्बन्धी कार्यव्यवस्थापन प्रणाली, २०७१

त्रिभुवन विश्वविद्यालय संगठन र तथा शैक्षिक प्रशासनसम्बन्धी नियम २०५०को नियम ५०, नियम १३३(२) र नियम ३९७ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषदले देहायको कार्यव्यवस्थापन प्रणाली बनाई लागु गरेको छ।

### परिच्छेद -१

### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः-** (१) यस कार्यव्यवस्थापन प्रणालीको नाम "त्रिभुवन विश्वविद्यालय विद्यार्थी स्वास्थ्योपचार कोष सम्बन्धी कार्यव्यवस्थापन प्रणाली, २०७१" हुने छ।

(२) यो कार्यव्यवस्थापन प्रणाली कार्यकारी परिषदले तोकेको मिति देखि लागु हुने छ।

**२. परिभाषाः-**(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यव्यवस्थापन प्रणालीमा-

(क) "ऐन" भन्नाले त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ सम्झनु पर्दछ।

(ख) "कोष" भन्नाले कार्यव्यवस्थापन प्रणाली ३ अनुसार स्थापना भएको विद्यार्थी स्वास्थ्योपचार कोष भन्ने सम्झनु पर्दछ।

(ग) "कार्यकारी परिषद" भन्नाले ऐनको दफा १३ अनुसार गठन भएको कार्यकारी परिषद सम्झनु पर्दछ।

(घ) "सदस्य" भन्नाले कार्यव्यवस्थापन प्रणालीको दफा ४ अनुसार शुल्क भुक्तानी गरी कोषको सदस्य भएको विद्यार्थीहरुलाई सम्झनु पर्दछ।

(ङ.) "शुल्क" भन्नाले कार्यव्यवस्थापन प्रणालीको दफा ५ अनुसार परिषदले तोकेको शुल्कलाई सम्झनु पर्दछ।

(च) "संचालक समिति" भन्नाले कार्यव्यवस्थापन प्रणाली दफा ८ अनुसार गठित कोषको संचालक समिति सम्झनु पर्दछ।

(छ) "स्वास्थ्योपचार" भन्नाले कार्यव्यवस्थापन प्रणालीको दफा १० बमोजिम तोकिएको अस्पतालले गर्ने स्वास्थ्योपचार लाई संझनु पर्दछ।

(ज) "स्वास्थ्योपचार खर्च" भन्नाले कार्यव्यवस्थापन प्रणालीको दफा १३ अनुसारको कोषबाट व्यहोरिने खर्चलाई सम्झनु पर्दछ।

(झ) "विद्यार्थी" भन्नाले विश्वविद्यालयको आंगिक क्याम्पस वा केन्द्रिय विभाग वा अनुसन्धान केन्द्र वा कुनै संगठन वा निकायमा कुनै शैक्षिक कार्यक्रममा अध्ययनरत विद्यार्थीहरुलाई सम्झनु पर्दछ ।

(ञ) "अस्पताल" भन्नाले कार्यव्यवस्थापन प्रणालीको दफा १० अनुसार तोकिएका अस्पताललाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## विद्यार्थी स्वास्थ्योपचार कोषको स्थापना, सदस्य र शुल्क

### ३. कोषको स्थापना

विश्वविद्यालयको आंगिक क्याम्पस वा केन्द्रिय विभाग वा अनुसन्धान केन्द्र वा कुनै संगठन वा निकायको शैक्षिक कार्यक्रमहरुमा अध्ययन गर्ने विद्यार्थीहरुबाट प्राप्त स्वास्थ्योपचार सदस्यता शुल्कको रकमबाट विद्यार्थी स्वास्थ्योपचार कोष स्थापना गरिने छ ।

### ४. कोषको सदस्य

विश्वविद्यालयको आंगिक क्याम्पस वा केन्द्रिय विभाग वा अनुसन्धान केन्द्र वा कुनै संगठन वा निकायका कुनै शैक्षिक शैक्षिक कार्यक्रमहरुमा अध्ययनरत विद्यार्थीहरु कोषको आनिवार्य रुपमा सदस्य रहनेछन् ।

### ५. विद्यार्थी स्वास्थ्योपचार कोषको सदस्यता शुल्क

कार्यकारी परिषदले कोष माथिको संभावित दायित्व, अस्पताललाई तिर्नु पर्ने सेवा शुल्क र प्रशासनिक खर्चलाई समेत ध्यान दिई सदस्यता शुल्क निर्धारण गर्ने छ ।

### ६. शुल्कको भुक्तानी

विद्यार्थी स्वास्थ्योपचार कोषको शुल्क हरेक आर्थिक वर्ष भर्ना भएको समयमै अनिवार्य रुपमा सम्बन्धित क्याम्पस र विभागले विद्यार्थीहरुबाट उठाई कोषको खातामा जम्मा गर्नुपर्ने छ । शुल्क भुक्तानी नभएको अवस्थामा सम्बन्धित् विद्यार्थीले कोषबाट स्वास्थ्योपचार खर्च पाउने छैन ।

### ७. केन्द्रिय डेटाबेसमा प्रविष्ट गर्नु पर्ने

स्वास्थ्योपचार शुल्क प्राप्त भएपछि सम्बन्धित क्याम्पसले कोषको वेभपेजमा आधारित केन्द्रिय डेटाबेसमा आवश्यक सूचना प्रविष्ट (Entry) गर्नुपर्नेछ ।

## परिच्छेद ३

## विद्यार्थी स्वास्थ्योपचार  कोष संचालक समितिको गठन र कोषको संचालन

८. **संचालक समितिः** (१) कोष संचालन गर्नको लागि देहाय बमोजिमको संचलक समिति गठन गरिने छ :

| | |
|---|---|
| क) रजिष्ट्रार | अध्यक्ष |
| ख) आर्थिक प्रशासन प्रमुख | सदस्य |
| ग) स्ववियूको प्रतिनिधि | सदस्य |
| घ) विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालय  प्रमुख | सदस्य |
| ड.) स्वास्थ्योपचार कोषको शाखा प्रमुख | सदस्य सचिव |

(२) कार्यव्यवस्थापन प्रणालीको दफा ८को उपदफा (१) (ग) अनुसारको स्ववियूको प्रतिनिधि त्रि.वि. संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम २०५०को नियम ४९ को (२)(ङ) बमोजिम प्रतिनिधित्व गर्ने स्ववियूका अध्यक्षहरु मध्येबाट विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयको कार्यकारी निर्देशकको सिफारिशमा शिक्षाध्यक्षले मनोनयन गर्ने छ ।

९. **समितिको काम र कर्तव्यः** समितिको काम कर्तव्य देहाय बमोजिम हुनेछ :

क) स्वास्थोपचार  कोषको सञ्चालन र रेखदेख गर्ने ।

ख) स्वास्थोपचार  कोष कार्य व्यवस्था प्रणाली संशोधनको लागि कार्यकारी परिषदमा पेश गर्ने ।

ग) स्वास्थ्यापचार खर्चको सम्बन्धमा विवाद उठेमा मेडिकल बोर्ड गठन गरी विवाद समाधान गर्ने ।

## परिच्छेद ४

## स्वास्थ्योचार गर्ने अस्पताल

**१०. स्वास्थ्योपचार गर्ने अस्पतालः** (१) त्रि.वि.ले स्वास्थ्योपचार गर्नको लागि त्रि.वि. र त्रि.वि.बाट सम्बन्धन प्राप्त मेडिकल कलेजका शिक्षण अस्पताल, सो नभएको स्थानमा अन्य विश्वविद्यालयबाट सम्बन्धन प्राप्त मेडिकल कलेजका शिक्षण अस्पताल, वा सो पनि नभएको स्थानमास्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तरगतका  शिक्षण अस्पतालहरु तथा सरकारी अस्पतालहरुलाई तोक्ने छ । तर यस व्यवस्थाले सिधै त्रि.वि शिक्षण अस्पतालमा स्वास्थ्योपचार गर्न गराउन बाधा पार्नेछैन ।

(२) कार्यव्यवस्थापन प्रणालीको उपदफा (१)मा व्यवस्था गरे बमोजिम त्रि.वि.शिक्षण अस्पतालमा पनि उपचार हुन नसकेमा मेडिकल बोर्डको सिफारिसमा देशभित्रका अन्य अस्पताल वा देश वाहिरको अस्पतालमा पनि उपचार गराउन सकिने छ ।

## परिच्छेद ५

## व्यक्तिगत परिचय र सेन्टरल डेटाबेशसम्बन्धी व्यवस्था

**११. व्यक्तिगत परिचय संख्या (PIN) को व्यवस्था:**स्वास्थ्योपचार  कोषको सदस्यहरुको परिचयको लागि अनुसूचीमा १ तोकिएको ढांचामा १६ अंकको व्यक्तिगत परिचय पत्र संख्या (PIN) को व्यवस्था गरिने छ र  सदस्यसम्बन्धी सबै कागजातमा सो संख्या अनिवार्य रुपमा राखिने छ ।

**१२. सेन्ट्रल डेटा बेस (Central Data Base)को व्यवस्था:**(१) स्वास्थ्योपचार सुविधा उपलब्ध गराउन आवश्यक सूचनाको लागि वेभबेसमा आधारित Central Data Base तयार गरिने छ ।

(२) सम्बन्धित क्याम्पसको विद्यार्थी कल्याण शाखा प्रमुखको आफ्नो विद्यार्थीको मात्र तथ्याङ्क पहुच हुनेछ । तर विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालय र स्वास्थ्योपचार कोषको भने विद्यार्थी सम्बन्धी सम्पूर्ण डेटाबेशमा पहुच हुनेछ ।

(३) उपचारको लागि तोकिएको अस्पताललाई सम्बन्धित क्याम्पसको विद्यार्थी सम्बन्धी तथ्याङ्कमा मात्रमा पहुँच रहनेछ । तर त्रि.वि.शिक्षण अस्पतालको हकमा देश भरीका सबै आंगिक क्याम्पसहरुका विद्यार्थीहरुका तथ्याङ्कमा पहुँच रहनेछ ।

## परिच्छेद ६

## स्वास्थ्योपचार  खर्चको व्यवस्था

**१३.कोषबाट व्यहोरिने  खर्च**:- (१) विद्यार्थीहरुको स्वास्थ्योपचार को खर्च वापत कोषबाट प्रति शैक्षिक वर्ष अधिकतम रु.५०,०००।- व्यहोरिनेछ । (२०७५ साल असोज १० गतेको सिन्डिकेटको बैठकको निर्णय रु१००,०००।- सम्म भएको)

(२) कार्यव्यवस्थापन प्रणालीको दफा १३(१) अनुसारको रकममा नबढ्ने गरी सबै प्रकारका स्वास्थ्योपचार खर्चको ९० प्रतिशत मात्र कोषले व्यहोर्ने छ । तर भर्ना भएका विरामीको लागि जेनेरल वार्डको बेड चार्ज मात्र कोषले व्यहोर्ने छ ।

(३) कार्यव्यवस्थापन प्रणाली १३(२) मा जेसुकै भएतापनि उपचार गर्नको लागि आइसियू (ICU) मा राख्न आवश्यक भएमा दफा १३(१)मा उल्लेखित अधिकतम रकमले खामेसम्म आइसियूको खर्च कोषले व्यहार्ने छ ।

(४)यस कार्य व्यवस्थापन प्रणालीमा तोकिएको अस्पतालमा स्वास्थ्योपचार हुननसक्ने भएमा त्रि.वि. शिक्षण अस्पतालमा स्वास्थ्योपचार को लागि रिफर गर्नु पर्नेछ ।

(५) त्रि.वि.शिक्षण अस्पतालमा पनि उपचार हुननसक्ने भएमा मेडिकल वोर्डको सिफारिशमा नेपालमै अन्य अस्पतालमा वा विदेशमा स्वास्थ्योपचार गर्न लैजान सकिने छ ।

(६) कार्यव्यवस्थापन प्रणालीको दफा १३(५) अनुसार स्वास्थ्योपचार गर्दा लागेको खर्च दफा१३ (१)मा उल्लेख गरिएको रकम अतिरिक्त अधिकतम रु.५०,००० सम्म कोषले व्यहोर्ने छ ।

(७) यस कार्यवस्थापन प्रणाली बमोजिम तोकिएको अस्पतालमा स्वास्थ्य परीक्षण गर्नको लागि आवश्यक उपकरण नभई स्वास्थ्य परीक्षण हुननसकी स्थानीय अन्य अस्पतालमा परीक्षण गराउनु परेमा सम्बन्धित अस्पतालबाटे परीक्षण गराई लागेको खर्चको भुक्तानी दिई शोधभर्नाको लागि त्रि.वि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालय मार्फत स्वास्थ्योपचार कोषमा विवरण पेश गर्नुपर्नेछ ।

१४. स्वास्थ्योपचार कोषबाट नव्यहोर्ने खर्चहरु: देहायका खर्चहरु कोषले व्यहोर्ने छैनः

क) चश्मा र चश्माका लेन्स  खर्च,

ख) कानमा लगाउने सुन्ने उपकरण खर्च,

ग) शरिरको अंग प्रत्यारोपण सम्बन्धी खर्च,

घ) कुनै किसिमको कस्मेटिक उपचार खर्च,

ङ) सम्बन्धित क्याम्पसमा भर्ना हुनुभन्दा अगाडि लागेको दीर्घकालिन रोग (Chronic disease) भएको भन्ने कुरा मेडिकल वोर्डबाट ठहर हुन आएमा त्यस्ता रोगको स्वास्थ्योपचार खर्च,

च) कुनै पनि प्रकारको औषधि खर्च ,

छ) नेपाल सरकारलको नीति र कार्यक्रम अनुसार निशुल्क उपचार गर्ने भनिएका स्वास्थ्योपचार  खर्च,

ज) सुत्केरी र गर्भवती सम्बन्धी कुनै पनि खर्च ।

झ) General Body Checkup मा लाग्ने खर्च व्यहोर्ने छैन ।

**१५. कोषको लेखा र लेखा परीक्षण**: कोषको लेखा र लेखा परीक्षण त्रि.वि. ऐन र नियम अनुसार प्रत्येक आर्थिक वर्षमा गरिने छ र लेखा परीक्षण गरिएको आर्थिक प्रतिवेदन त्रि.वि. सभामा पेश गर्नुपर्नेछ ।

१६. जगेडा कोष राख्नु पर्नेः(१) विद्यार्थीहरुको स्वास्थ्योपचार खर्च र उठेको शुल्कको ५ प्रतिशत प्रशासनिक र अस्पताल शुल्क वापत कटाएर वाकि रहेको रकम विद्यार्थी स्वास्थ्योपचार  जगेडा कोषमा राख्नु पर्नेछ ।

(२) कार्यव्यवस्थापन प्रणालीको दफा १६(१) अनुसारको जगेडा कोष भविष्यमा विद्यार्थीहरुको स्वास्थ्योपचार गर्न नपुग भएमा प्रयोग गरिने छ ।

(३) कार्यव्यवस्थापन प्रणालीको दफा १६(२) अनुसार वाहेक जगेडा कोष माथिको संभावित दायित्वको चौवर नहुदासम्म अन्य कुनै प्रयोजनको लागि खर्च गरिने छैन ।

(४) जगेडा कोष । माथिको संभावित दायित्वको चौवर भएपछि समितिको सिफारिसमा विश्वविद्यालयले विद्यार्थीहरुको स्वास्थ्य उपचारको पूर्वाधार निर्माण गर्ने काममा मात्र खर्च गरिर्ने छ ।

**१७.** कोषमो जम्मा भएको रकमको लागनी उपयुक्त वित्तीय संस्थामा लगानी गर्नु पर्ने-:विद्यार्थीहरुबाट स्वास्थ्योपचार शुल्क प्राप्त भएपछि स्वास्थ्योपचार र प्रशासनिक खर्चको तात्कालिन आवश्यक्तालाई ध्यानमा राखीउपयुक्त क वर्गका वित्तिय संस्थामा लगानी गर्नु पर्नेछ ।

**१८.** कार्यव्यवस्थापन प्रणालीको व्याख्या गर्ने अधिकार: यस व्यवस्थापन कार्यप्रणालीको व्याख्या गर्ने अधिकार कार्यकारी परिषदलाई हुने ।

## अनुसूची १: व्यक्तिगत परिचय पत्र नम्बर (PIN) को व्यवस्था

स्वास्थ्योपचार कोष कार्यालयले कोषका सदस्य विद्यार्थीहरुलाई देहाय अनुसारको व्यक्तिगत परिचयपत्र नम्बर दिने छ :

क) पहिलो दुई अंकमा स्वास्थ्योपचार गर्नको लागि तोकिएको अस्पतालाई संकेत गर्नको लागि संकेताङ्क दिइनेछ । उदारहणको लागि माथि उल्लेखित कर्मचारीको स्वास्थ्योपचार को लागि शिक्षण अस्पताल तोकिएको छ भने शिक्षण अस्पताललाई ०१ कोड दिन सकिन्छ ।

ख) सम्बन्धित विद्यार्थी अध्ययनरत संस्थान हो वा संकाय हो त्यसलाई संकेट गर्नको लागि पहिलो एक अंकमा संकेताङ्क दिइनेछ । उदाहरणको लागि यदि सम्बन्धित विद्यार्थी संस्थान अन्तरगतको क्याम्पसमा अध्ययनरत भएमा १ र संकाय अन्तरगत भएमा ०२ संकेताङ्क दिन सकिन्छ ।


ग) त्यपछि संकाय वा संस्थानको नामलाई संकेट गर्नको लागि दूइ अंकको संकेताङ्क दिइने छ । उदाहरणको लागि सम्बन्ध्ति विद्यार्थी इञ्जिनियरिय अध्ययन संस्थान अन्तरगतको क्याम्पसमा अध्ययनरत छ भने ०१ दिन सकिन्छ ।

ग) सम्बन्धित विद्यार्थी अध्ययनरत क्याम्पस वा केन्द्रिय विभागलाई संकेत गर्नको लागि तीन अङ्कको संकेताङ्क दिइने छ । उदाहरणको लागि यदि विद्यार्थी पुलचोक क्याम्पसमा अध्ययनरत छ भने ००५ दिन सकिन्छ ।

घ) सम्बन्धित विद्यार्थी अध्ययनरत कार्यक्रम र वर्षलाईलाई संकेत गर्नको लागि दुई अंकमा संकेताङ्क दिइने छ । पहिलो अंकले कार्यक्रमको तह र पछिल्लाले कार्यक्रमको वर्षलाई संकेत गर्ने छ । उदारहणको

ङ) अन्तमा विद्यार्थीको क्रमसंख्या संकेत गर्नको लागि ६ अंकमा कोड दिईने छ । उदाहरणको लागि सम्बन्धित विद्यार्थीको स्वास्थोपचार कोषको प्रयोजनको लागि दर्ता भएको ५००औं विद्यार्थी हो भने यो कर्मचारीलाई ०००५०० कोड दिन सकिन्छ । यसरी यो विद्यार्थीको परिचय पत्र नम्बर ०१-१-०१-००५-११-०००५०० हुनेछ । यसरी कोषको प्रयोजनको लागि कोषले कोषका सदस्यहरुलाई १६ अंकको व्यक्तिगत परिचय संख्या भएको अनुसूची ३ अनुसारको ढाँचामा स्वास्थ्योपचार परिचय पत्र दिइने छ ।

**अनुसूची ६: परियोजना कार्यन्वयन ईकाईको संगठनात्मक स्वरुप**



# त्रिभुवन विश्वविद्यालयद्वारा विद्यार्थी स्वास्थ्य उपचार कोष मार्फत विद्यार्थीहरूको उपचारका लागि गरिएको व्यवस्था

(क) **विद्यार्थीबाट लिइने शुल्क सम्बनधमा :** प्रतिवर्ष रू.५००। (पांच सय) र प्रति दुइ समेस्टर रू.५००। (पांच सय) का दरले सम्बन्धित क्याम्पसमा बुझाउनु पर्नेछ ।

(ख) **विद्यार्थीहरूलाई उपलव्ध सुविधा सम्बन्धमा :** विश्वविद्यालय विद्यार्थी स्वास्थ्य उपचार कोष अन्तर्गत देहायका खर्चहरू त्रिभुवन विश्वविद्यालयले १ वर्ष भित्र अधिक्तम रू.१,००,०००। (एक लाख) व्यहोर्ने छ साथै उपचारमा लागेको सम्पूर्ण खर्च मध्ये सम्बन्धित विद्यार्थीले १०% व्यहोर्नु पर्नेछ ।

(१) चिकित्सक सेवा शुल्क (Doctor's Fee)

(२) प्रयोगशालामा गरिने विभिन्न परीक्षण शुल्क (Lab test charge)

(३) रेडियोलोजी इन्भेन्टीगेसन/निदान शुल्क (Radiolagical Investigations charge)

(४) विरामी शैया शुल्क (Bed charge)

(५) अप्रेशन शुल्क र सामाग्रीहरू (Operation and Epuipments charge)

**पुनश्च :** सम्बन्धित अस्पतालमा यी सेवाहरू उपलब्ध हुन नसकेमा चिकित्सकको सिफारिसमा अस्पताल भन्दा वाहिर परीक्षण गर्न सकिनेछ र उक्त शुल्क समेत त्रि.वि. स्वास्थ्य उपचार कोषबाट ९०% शुल्क व्यहोरिने व्यवस्था छ ।

(ग) **विद्यार्थीहरूको देहायका खर्चहरु विश्वविद्यालय स्वास्थ्योपचार कोषले ब्यहोर्ने छैन :**

(१) कानमा लगाउने सुन्ने उपकरण, चश्मा र चश्माको लेन्स, कुनै किसिमको स्वेच्छिक कस्मेटिक उपचार, सुत्केरी र गर्भवती उपचार खर्च ।

(२) कुनै युद्ध, आन्दोलन वा झै-झगडामा परी घाइते भएको उपचार खर्च र दुर्घटना वाहेक अन्य अवस्थामा गरिने दाँतको उपचार खर्च ।

(३) सम्बन्धित क्याम्पसमा भर्ना हुनुभन्दा अगाडि लागेको दीर्घ रोग (Chronic disease) भएको मेडिकल बोर्डबाट ठहर हुन आएमा सोको खर्च ।

(४) कुनै पनि प्रकारको औषधि र General Body Checkup मा लाग्ने खर्च ।

(५) नेपाल सरकारको नीति र कार्यक्रम अनुसार निःशुल्क उपचार गर्ने भनिएका स्वास्थ्योपचार खर्च ।

**पुनश्च :** नेपाल सरकारद्वरा लागु भएको स्वास्थ्य विमा कार्यक्रममा आवद्ध विमित व्यक्तिमा यो प्रावधान लागु हुने छैन ।

(घ) **विद्यार्थीहरूको स्वास्थ्य उपचारको लागि सिफारिस प्रकृया :**

विद्यार्थी परिचय पत्र, क्याम्पसको सिफारिस पत्र विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयको पत्र (यो पत्र निवेदनको आधारमा इमेलबाट प्राप्त गर्न सकिनेछ Email : swss@tribhuvan-university.edu.np)

(ङ) **विद्यार्थी उपचार सुविधा निम्नलिखित अस्पतालवाट प्राप्त गर्न सकिनेछ**